नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
E-mail: motca@ntc.net.np
फ्याक्स नं.: ४२११७५८
४२११८४६
४२११६८५
४२११७८५
४२११५९६
सिंहदरबार, काठमाडौं, नेपाल ।

पत्र संख्याः-
च.नं.

# प्रेस विज्ञप्ति

नेपाल कला सम्पदाहरुले भरिपूर्ण देश हो । नेपालका साँस्कृतिक एवं पुरातात्विक महत्वका सम्पदाहरुले विश्वमै विशिष्ट र मौलिक पहिचान बोकेका छन्। हाम्रो पहिचानको धरोहरको रुपमा रहेका यस्ता सांस्कृतिक सम्पदाहरुको चोरी निकासी गर्ने मौलिक स्वरुप परिवर्तन गरी लुकाउने छिपाउने जस्ता कार्यहरुले सांस्कृतिक सम्पदाहरुको निरन्तरता, जीवन्तता र अक्षुणता लाई गम्भीर असर पार्दछ। सांस्कृतिक सम्पदाहरुको विशिष्ट गुण, कौतुहलता र सौन्दर्यबाट प्रभावित भएर यस्ता वस्तुहरु संकलन गरिने परम्परा प्राचीनकाल देखि नै शुरु भएको ऐतिहासिक अभिलेखहरुबाट पुष्टि हुन्छ। विशेष गरी समाजको अग्रस्थानमा रहने व्यक्तिहरुले नै सोखको रुपमा सांस्कृतिक सम्पदालाई बढी रकम तिरी खरीद गरी संचय गर्ने परम्पराको शुरुवातले सांस्कृतिक सम्पदाहरुको चोरी, ओसारपसार, अबैध निकासी, स्वरुप परिवर्तन मौलिकताको विमुखिकरणमा थप प्रेरक तत्वको काम गरेको देखिन्छ।

सन् १९५० अघि नेपालबाट के कति सांस्कृतिक सम्पदाहरु बाहिरिए त्यसको विस्तृत अभिलेख पाइँदैन। तर विश्वमा विभिन्न प्रख्यात संग्रहालयहरुमा प्रदर्शनमा राखिएका नेपाली विशिष्ट किसिमका कलाकृतिहरुले नेपालबाट हजारौंका संख्यामा महत्वपूर्ण कलाकृतिहरु बाहिरिएको कुरालाई भने नकार्न सकिंदैन। सन् १९५० पछि नेपालमा भएको परिवर्तनले गर्दा एकातिर शिक्षाको विकास भयो भने अर्कोतिर सांस्कृतिक सम्पदाहरुको महत्वको बारेमा जनचेतना पनि जागृत एवं अभिवृद्धि भयो। फलस्वरुप मानिसहरुले आफ्नो परिवेश वरिपरि भएका सांस्कृतिक सम्पदाहरुको रेखदेख र संरक्षण पनि गर्न थाले । यसै बीचमा पर्यटनको विकास एवं विस्तारले गर्दा नेपालका सांस्कृतिक सम्पदाहरुको चोरी निकासी पनि हुनथाल्यो नेपालमा विशेष गरी सत्तरी, असी र नब्बेको दशकमा धेरै संख्यामा सांस्कृतिक सम्पदाहरुको चोरी भएको देखिन्छ। सन् २००० देखि सांस्कृतिक सम्पदाहरुको चोरी र निकासी क्रमशः कम हुँदै गएको देखिन्छ। यस अवधिमा चोरी भएका महत्त्वपूर्ण सम्पदाहरु पनि सुरक्षा निकायहरुद्वारा बरामद गरी पुरातत्व विभागमा पठाएको देखिन्छ। चोरिएका मूर्तिहरुको उत्पत्तिस्थलमा हुने महत्व र उक्त स्थलमा बसोवास गर्ने मानिसहरुको मूर्तिप्रतिको गहिरो अगाध एवं असिम आस्थाका कारणले यस्ता मूर्तिहरु तथा सांस्कृतिक सम्पदाहरु यथास्थान मै प्रतिस्थापन गर्नुपर्छ भन्ने पछिल्लो समयमा विश्वव्यापी रुपमा विकास भएको मान्यता र विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय कानूनको विकासले नेपालभन्दा बाहिर गैरकानूनी रुपमा निकासी भएका सांस्कृतिक सम्पदाहरु फिर्ता हुन थालेका



सह-सचिव

E-mail: motca@ntc.net.np
फ्याक्स नं.: ४२११७५८
४२११८४६
४२११६८५
४२११७८५
४२११५९६
सिंहदरबार, काठमाडौं,
नेपाल ।

पत्र संख्याः-
च.नं.

छन्। हालसम्म वेलायतबाट १९ थान, अस्ट्रियाबाट १ थान, अमेरिकाबाट १४ थान, जर्मनीबाट १ थान समेत गरी जम्मा ६३ थान मूर्तिहरु तथा कलावस्तुहरु विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रय व्यक्ति तथा संघसंस्थाहरुको प्रयासबाट फिर्ता भइसकेका छन् भने अमेरिका, फ्रान्स, बेलायत जस्ता देशहरुबाट थप अरु केही कलावस्तुहरु फिर्ताको लागि कुटनीतिक पहल भईरहेको छ।

हाल प्राप्त भएको पुरातात्विक महत्वका तीन बस्तुहरु अन्तर्राष्ट्रिय मूर्ति तस्करहरुको सञ्जालबाट अमेरिकामा अवैध स्वामित्व, प्रदर्शनी तथा बिक्रिमा रहेको अवस्थामा न्यूयोर्क स्थित District Attorney Office ले जफत गरी नेपाललाई फिर्ता गर्न चाहेको हुँदा नेपाल सरकारको तर्फबाट कार्यवाहक महावाणिज्यदूत र डिस्ट्रिक एटोर्नी अफिस न्यूयोर्कबीच एक समझदारी पत्रमा मिति २०७७/१२/१९ (तदनुसार अप्रिल १, २०२१) मा हस्ताक्षर भई अमेरिकास्थित नेपाली महावाणिज्यदूतावासलाई हस्तान्तरण भएको थियो।

यी मूर्ति तथा कलावस्तु तस्करीकै क्रममा पक्राउ परेको र तस्करीमा संलग्न एकजना (पहिचान नखुलाइएको) दक्षिण भारतको बन्दीगृहमा रहेकाले निजलाई अमेरिका सुपुर्दगी गर्ने छलफल भइरहेको बुझिन्छ। मूर्तिहरुको बिवरण यसप्रकार छः

| क्र.सं. | मूर्तिको विवरण | अनुमानित समय | साइज | मुल्य(अमेरिकी डलर) |
|---|---|---|---|---|
| १, | अप्सराको रंगिन आकृति कुंदिएको काठको टूँडाल(Wooden Beam Depicting a coloured Apsara) | १३औं शताब्दी | ८×९×५० इन्च | २५,०००। |
| २, | भूमिस्पर्श मुद्रामा वसेको बुद्धको सुनौलो मूर्ति(Gold Seated Buddha in Bhumisparsa Mudra) | १४ औं १५ शताब्दी | ७.१२५×४.५×९ इन्च | ५०,०००। |
| ३, | बसेको गणेशको मूर्ति (Seated Ganesh | १५औं १६ औं शताब्दी | ३.१२५×२.२१×५.५ इन्च | ५०,०००। |

सह-सचिव
०८८/१२/३१

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

E-mail: motca@ntc.net.np
फ्याक्स नं.: ४२११७५८
४२११८४६
४२११६८५
४२११७८५
४२११५९६
सिंहदरबार, काठमाडौं,
नेपाल ।

पत्र संख्याः-
च.नं.

उक्त सामाग्रीहरु फिर्ता ल्याउनको लागि ( बीमा रकम समेत जोड्दा) अमेरिकी डलर ३१०० (तीन हजार एकसय) वरावर ढुवानी खर्च नेपाल सरकारले न्यूयोर्कस्थित महावाणिज्यदूतावासलाई उपलब्ध गराएपछि महावाणिज्य दूतावासले United Parcel Service(UPS) लाई हस्तान्तरण गरी नेपाल पठाउने जिम्मा दिएको थियो । आज यी मूर्तिहरु आफ्नो देश पुनः फिर्ता भएका छन् । यो कार्यलाई सफल बनाउन सहयोग गर्ने अमेरिकी सरकार, डिस्ट्रिक एटोर्नी कार्यालय,संयुक्त राज्य अमेरीका स्थित नेपाली महावाणिज्यदुतावास, नेपालस्थित अमेरिकी राजदुतावास, यस कार्यमा संलग्न कला प्रेमी विभिन्न संचारकर्मी तथा पत्रकार महानुभावहरुलाई धन्यवाद दिन चाहन्छौं।

०७१।३।२९
सह-सचिव